# सन्राइज बैंक लिमिटेडको हकप्रद शेयर निष्काशनका लागि प्रभु क्यापिटल लिमिटेड निष्काशन तथा बिक्री प्रवन्धकमा नियुक्त



सन्राइज बैंक लिमिटेडले आ.ब. ०७२/०७३ मा कायम चुक्ता पूँजीको आधारमा १:०.३० को अनुपातमा साबिकका शेयरधनीलाई जारी गर्न लागेको प्रति शेयर रु.१००/- का दरले हुने १,६३,५९,६३६ कित्ता हकप्रद शेयरको सार्वजनिक निष्काशन गर्ने कार्यका लागि प्रभु क्यापिटल लिमिटेडलाई शेयर निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ । सो नियुक्ति सम्बन्धी सम्झौता मिति २०७३ पौष २८ गते बिहिबार सम्पन्न भयो । संझौतामा सन्राइज बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री रत्न राज बज्राचार्य तथा शेयर निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडका तर्फबाट महा-प्रबन्धक श्री शंकर प्रसाद कालीकोटाले हस्ताक्षर गर्नुभएको छ । सन्राइज बैंक लिमिटेडको नवौं वार्षिक साधारण सभाले कम्पनीको अधिकृत पूँजी रु.१० अर्ब पुर्‍याउने निर्णय गरेको छ ।